नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ।

# दुग्ध विकास संस्थानको सञ्चालक समितिका पदाधिकारी मनोनयनको लागि दरखास्त पेश गर्ने सूचना।

**प्रथम पटक प्रकाशित मिति २०७७/११/२९**

दुग्ध विकास संस्थानको सञ्चालक समितिमा रिक्त रहेको देहाय बमोजिमको सदस्यहरुको मनोनयनका लागि सिफारिस गर्न गठित सिफारिस समितिको मिति २०७७/११/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित सदस्य पदको मनोनयनको लागि देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा, बोर्ड संस्थान समन्वय डेस्क, सिंहदरवार काठमाण्डौंमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ /०७७/७८ DDC | सदस्य | १ जना (सम्बन्धित विषय विशेषज्ञहरु मध्येबाट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा सो सरह उतिर्ण गरेको, ३० वर्ष उमेर पुरा भएको। |
| २/०७७/७८ DDC | सदस्य | १ जना (दुग्ध व्यवसायीहरु मध्येबाट) | दुग्धजन्य व्यावसायिक क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त, ३० वर्ष उमेर पुराभएको। |
| ३/०७७/७८ DDC | सदस्य | १ जना (दुग्ध उत्पादक कृषकहरु मध्येबाट) | दुग्ध उत्पादन सम्बन्धि कार्यमा कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको, ३० वर्ष उमेर पुरा भएको। |

**२. दरखास्त पेश गर्ने प्रकृया**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धि निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको दरखास्त/ प्रतिवद्धता पत्रसाथ आफुले मनोनित हुन चाहेको सूचना नं स्पष्ट उल्लेख गरी देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ख) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (विदेशी विश्वविधालयबाट शैक्षिक उपाधी हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ग) वैयक्तिक विवरण (CV)

घ) आफुलाई नै सम्बन्धित पदाधिकारीमा मनोनयन गर्नुपर्नाको कारण

ङ) निर्देशिकाको दफा ४ बमोजिम अयोग्य नभएको व्यहोरा ।

च) योग्यता र अनुभव खुल्ने अन्य कागजातहरु

**अन्य विवरण**

क) सिफारिस समितिले कुनै कारण उल्लेख गरी पदाधिकारी मनोनयनको सिफारिस सम्बन्धि सूचना स्थगित वा रद्ध गर्न सक्ने छ ।

ख) मनोनयनका लागि सिफारिस गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार सिफारिस समितिमा निहित रहने छ। समितिले आवश्यक देखेका कागजातहरु जुनसुकै समयमा माग गर्न सक्ने छ।

ग) आवेदन फारम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाईट www.moald.gov.np बाट Download गर्न सकिनेछ। अन्य थप जानकारिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय को कर्मचारी प्रशासन शाखा, बोर्ड/ संस्थान समन्वय डेस्क वा टेलिफोन नं ०१-४२११७०६,०१-४२३२८०९ मा सम्पर्क गर्न सकिने छ ।